नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भद्रपुर, झापा
☎ 023-452125,452166
Email daojhapa@moha.gov.np
dao.jhapa@gmail.com
Website : daojhapa.moha.gov.np

## मेनपावर कम्पनीका शाखा कार्यालयहरुले विवरण तथा कागजात उपलव्ध गराउने बारेको म्याद थप सम्बन्धी सूचना ।

यस कार्यालयमा वैदेशिक रोजगारी ठगी तथा मानव वेचविखन सम्बन्धी उजुरीको संख्या क्रमश: बढ्दै गएको सन्दर्भमा झापा जिल्लामा खोलिएका मेनपावर कम्पनीका शाखा कार्यालयहरुको दर्ता तथा नविकरण, श्रमिक छनौट प्रकृया, सम्झौतापत्र, लेनदेन कारोवार आदि सम्बन्धमा जानकारी प्राप्त गरी अनुगमन समेत गर्नुपर्ने देखिएकोले तपशिल बमोजिमको विवरण तथा कागजात सूचना प्रकाशन भएको मितिले १०(दश) दिनभित्र बुझाउन यसअघि सूचना प्रकाशन गरिएकोमा उल्लिखित विवरण तथा कागजात बुझाउने म्याद थपिदिनका लागि वैदेशिक रोजगार व्यवसायी संघ, झापाबाट अनुरोध भए बमोजिम उक्त संस्थासँग भएको छलफलको निर्णयानुसार मिति २०८२ भाद्र २० गतेसम्म विवरण तथा कागजात बुझाउने गरी म्याद थप गरिएकोले झापा जिल्लास्थित सवै मेनपावर कम्पनीका शाखा कार्यालयहरुले उक्त अवधि भित्र अनिवार्य रुपमा कागजात सहितका विवरण उपलव्ध गराउनु हुन सूचित गरिन्छ ।

तपशिल:

क. शाखा कार्यालयसँग सम्बन्धित मेनपावर कम्पनी र सञ्चालकको नाम, ठेगाना, फोन नं. र इमेल ठेगाना ।
ख. शाखा कार्यालय र सञ्चालकको नाम, ठेगाना, फोन नं. र इमेल ठेगाना ।
ग. शाखा कार्यालयको दर्ता र नविकरण सम्बन्धी कागजातहरु ।
घ. श्रमिकसँग गरेका/गर्ने सम्झौताको नमुना ( कागज) ।
ङ. आ.व. ०८१/०८२ मा तहाँ शाखा कार्यालयहरुले बैदेशिक रोजगारीमा पठाएका व्यक्तिको विवरण र प्रत्येकसँग सम्बन्धित LT No. खुलेको विवरण ।
च. प्रचलित कानून बमोजिम लिन मिल्ने सेवाशुल्क वा अन्य कुनै रकम भए सो लिँदा बैङ्क मार्फत कारोवार गर्ने गरे नगरेको । नगदमै कारोवार गरी रसिद दिएको भए रसिदको अर्धकट्टी /कार्यालय प्रति सहितको विवरण ।

भाद्र १०, २०८२

तेज प्रकाश पाण्डे
सहायक प्रमुख जिल्ला अधिकारी